## बैठक संख्या : ६०

आज मिति २०८२/१०/१२ गते काठेखोला गाउँपालिकाका अध्यक्ष श्री राजु थापा ज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा निम्न बमोजिमको उपस्थिति र देहाय बमोजिम निर्णय भयो ।

उपस्थिति :-

| हस्ताक्षर | क्रसं. | नाम थर | पद |
|---|---|---|---|
| | १ | श्री राजु थापा | अध्यक्ष |
| | २ | श्री तेज बहादुर थापा | उपाध्यक्ष |
| | ३ | श्री खडक बहादुर थापा | वडा अध्यक्ष वडा नं. १ |
| | ४ | श्री विद्यापति शर्मा | वडा अध्यक्ष वडा नं. २ |
| | ५ | श्री कुल बहादुर वि.क. | वडा अध्यक्ष वडा नं. ३ |
| | ६ | श्री लक्ष्मण पुन | वडा अध्यक्ष वडा नं. ४ |
| | ७ | श्री ज्ञामनाथ कँडेल | वडा अध्यक्ष वडा नं. ५ |
| | ८ | श्री वृहस्पति शर्मा | वडा अध्यक्ष वडा नं. ६ |
| | ९ | श्री प्रेम बहादुर जि.सी. | वडा अध्यक्ष वडा नं. ७ |
| | १० | श्री प्रमानन्द कँडेल | वडा अध्यक्ष वडा नं. ८ |
| | ११ | श्री टिका संगम वि.क. | कार्यपालिका सदस्य |
| | १२ | श्री भूमा देवी पुन | कार्यपालिका सदस्य |
| | १३ | श्री सुन्तली वि.क. | कार्यपालिका सदस्य |
| | १४ | श्री पूर्णमाया सुनार | कार्यपालिका सदस्य |
| | १५ | श्री गिता देवी वि.क. | कार्यपालिका सदस्य |
| | १६ | श्री देवी थापा मगर | कार्यपालिका सदस्य |
| | १७ | श्री मुक्ति पौडेल | सदस्य सचिव एवं प्रमुख प्रशासकीय अधिकृत |

अन्य उपस्थितिः-

| हस्ताक्षर | क्रसं. | नाम थर | पद |
|---|---|---|---|
| | | दिपेन्द्र खत्री | का.वि. वडा अध्यक्ष वडा नं. ६ |
| | | डिल्ली प्रसाद शर्मा | लेखा अधिकृत |

वि.सं. : २०८२ माघ १२ गते सोमबार

निर्णयहरु :-

१. **समिक्षा सम्बन्धमा ।**
काठेखोला गाउँपालिका, गाउँ कार्यपालिकाले यस भन्दा पहिला गरेका निर्णयहरुको समिक्षा गरियो । समिक्षा गर्दा निर्णय कार्यान्वयन भएको र अबस्था सन्तोषजनक रहेको पाईयो ।

२. **गाउँसभाको अठारौं अधिवेशन सम्बन्धमा ।**
मिति २०८२/०९/२४ गतेको गाउँ कार्यपालिकाको बैठकबाट काठेखोला गाउँपालिकाको गाउँसभाको अठारौं अधिवेशन २०८२ माघ महिनाको १३ गते गर्ने भनी निर्णय भएकोमा विशेष कारणबश उक्त गाउँसभाको अधिवेशन २०८२ फाल्गुन २८ गते आयोजना गर्ने निर्णय गरियो ।

३. **धरौटी रकम सम्बन्धमा ।**
एकपाटा वौर सडक स्तरोन्नति कार्यको लागि जोशी-निशान-आचार्य (जेभी) ले यस कार्यालयमा धरौटी रकम पेश गरेको र हाल जोशी-निशान-आचार्य (जेभी) ले धरौटी रकम फुकुवा गरिदिनुहुन भनी निवेदन पेश गरेकोमा धरौटी रकम बराबरको बैंक जमानत रु २४,९७,८६६।०० अक्षरुपी चौबिस लाख सन्तानब्बे हजार आठ सय छेसठ्ठी रुपैयाको बैंक जमानत माग गरी जोशी-निशान-आचार्य (जेभी) ले पेश गरेको धरौटी रकम फुकुवा गर्ने निर्णय गरियो ।

४. **राजश्व रकम सम्बन्धमा ।**
गाउँपालिकाको प्रशासकीय भवनका लागि धेरै जना व्यक्तिहरुबाट उपलब्ध गराएको जग्गा शुरुमा काठेखोला गाउँपालिका वडा नं. ६ का वडा अध्यक्षको नाममा पास गर्ने र तत्पश्चात वडा अध्यक्षवाट गाउँपालिकाको नाममा निशुल्क रुपमा उपलब्ध गराउनको लागि राजश्व बापत घर जग्गा रजिष्ट्रेशन र पुंजीगत लाभकरको नियमानुसार लाग्ने रकम काठेखोला गाउँपालिकाको कार्यालयले भुक्तानी गर्ने निर्णय गरियो ।

५. **गाउँपालिकाको लागि प्रशासकीय भवन निर्माणका लागि निशुल्क जग्गा सम्बन्धमा ।**
मिति २०८२/०३/१९ गते भएको काठेखोला गाउँपालिकाको गाउँसभाको सत्रौं अधिवेशनको तेस्रो वैठकबाट काठेखाला गाउँपालिकाको प्रशासकीय भवन काठेखोला गाउँपालिका वडा नं. ६ सुल्डाँडा (आम्पाटा) मा निर्माण गर्ने निर्णय भएको र सोही बमोजिम गाउँपालिकाको प्रशासकीय भवनका लागि आबश्यक पर्ने देहायको जग्गा जग्गादाताले स्वेच्छाले निशुल्क गाउँपालिकाको नाममा हक हस्तान्तरण (पास) गरिदिन राजी भएकोले उक्त प्रस्तावलाई स्वीकृत गरी गाउँपालिकाको नाममा जग्गा पास गर्ने प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**जग्गादाताको नाम/ठेगाना** : वृहस्पति शर्मा / काठेखोला ६ बागलुङ

**जग्गाको विवरण** :

| क्र.सं. | कित्ता नं. | क्षेत्रफल | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | ७७८ | १-७-३-२ | काठेखोला ६ सुल्डाँडा (आम्पाटा) | साविक विहुँ १ |
| २. | ७७९ | ०-१५-१-० | काठेखोला ६ सुल्डाँडा (आम्पाटा) | साविक विहुँ १ |
| ३. | १०६८ | ०-४-०-१ | काठेखोला ६ सुल्डाँडा (आम्पाटा) | साविक विहुँ १ |
| ४. | १०६९ | २-१०-०-० | काठेखोला ६ सुल्डाँडा (आम्पाटा) | साविक विहुँ १ |
| ५. | १५८४ | ०-११-०-० | काठेखोला ६ सुल्डाँडा (आम्पाटा) | साविक विहुँ १ |
| जम्मा | | ६-०-०-३ | | |